# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, चैत्र १९ गते, २०८२ साल (संख्या १८

## भाग ३

### गण्डकी प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

**पत्रकार लेखन वृत्ति (फेलोसिप) कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०८२**

पत्रकार लेखन वृत्ति (फेलोसिप) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश आमसञ्चार ऐन, २०८० को दफा ६२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "पत्रकार लेखन वृत्ति (फेलोसिप) कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०८२ " रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **पत्रकार लेखन वृत्ति (फेलोसिप) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को दफा २ मा संशोधनः** पत्रकार लेखन वृत्ति (फेलोसिप) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२(यसपछि मूल कार्यविधि भनिएको) को दफा २ को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छः-

"(ङ) "परामर्शदाता सम्पादक" भन्नाले दफा ८ बमोजिम नियुक्त विज्ञ सम्झनु पर्छ।"

**३. मूल कार्यविधिको दफा ३ मा संशोधनः** मूल कार्यविधिको दफा ३ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम प्रस्तावना आह्वान भएको मितिले १५ (पन्ध्र) दिन भित्र इच्छुक व्यक्ति वा संस्थाले अनुसूची -१ बमोजिमको ढाँचामा देहायका विवरणहरू खुलाई प्रेस रजिष्ट्रारको कार्यालयमा आवेदन दिनु पर्नेछ।"

४. **मूल कार्यविधिको दफा ५ मा संशोधनः** मूल कार्यविधिको दफा ५ को उपदफा (२) को खण्ड (ग) पछि देहायका खण्ड (घ) र (ङ) थपिएका छन्:-

"(घ) रेडियोमा प्रसारण हुने अडियो सामग्री कम्तिमा दश मिनेटको र टेलिभिजन सञ्चार माध्यममा प्रसारण हुने सामग्रीको भिडियो रिपोर्ट पन्ध्र मिनेटको हुनु पर्नेछ।

(ङ) पत्रपत्रिका र अनलाइन माध्यममा प्रकाशन हुने तस्विर कथाको हकमा एक विषयमा कम्तीमा पन्ध्र वटा हुनु पर्नेछ।"

**५. मूल कार्यविधिको दफा ८ मा संशोधनः** मूल कार्यविधिको दफा ८ को उपदफा (२) को खण्ड (ख) मा रहेका "तीस वर्ष पूरा भई पचपन्न वर्ष ननाघेको" भन्ने शब्दहरूको सट्टामा "पैंतिस वर्ष पूरा भई साठी वर्ष ननाघेको" भन्ने शब्दहरू राखिएका छन्।

६. **<u>मूल कार्यविधिको दफा ९ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ९ को उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः-

"(५) लेखन वृत्तिका लागि छनोट भएका व्यक्तिले अनुसूची- ३ बमोजिमको ढाँचामा सामग्री तयार गर्नु पर्नेछ।"

७. **<u>मूल कार्यविधिको दफा १० मा संशोधनः</u>** मूल कार्यविधिको दफा १० को खण्ड (व) पछि देहायको खण्ड (श) थपिएको छः-

"(श) गण्डकी प्रदेश सम्बन्धी अन्य विषयहरु।"

८. **<u>मूल कार्यविधिमा दफा ११क. थपः</u>** मूल कार्यविधिमा दफा ११ पछि देहायको दफा ११क. थपिएको छः-

"११क. **<u>प्रकाशन/प्रसारण गर्न सक्नेः</u>** लेखनवृत्ति प्राप्त गर्न सफल व्यक्तिहरूको साम्रग्रीहरू सङ्कलन गरी उक्त बजेटबाट कार्यालयले सङ्ग्रह प्रकाशन/प्रसारण गर्न सक्नेछ।"

९. **<u>मूल कार्यविधिको अनुसूची २ मा संशोधनः</u>** मूल कार्यविधिमा रहेको अनुसूची -२ को सट्टामा देहायको अनुसूची -२ राखिएको छः-

"अनुसूची-२

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

**सामग्री मूल्याङ्कनका आधारहरू**

| **क्र.सं.** | **मूल्याङ्कनका आधार** | **पूर्णाङ्क** | **कैफियत** |
|---|---|---|---|
| १ | विषयवस्तुको मौलिकता र प्रादेशिक अपनत्व | २० | |
| २ | स्थलगत अध्ययन, अनुसन्धान र मिहिनेत | २० | |
| ३ | तथ्याङ्क र स्रोतको प्रयोग/विश्वसनीयता | २० | |
| ४ | भाषा, शैली र प्रस्तुति | २० | |
| ५ | सम्बन्धित क्षेत्रमा पर्ने सकारात्मक प्रभाव | २० | |
| **कुल जम्मा** | | | १०० |

स्वीकृत गर्नेः ....................

(प्रेस रजिष्ट्रार) मितिः .................................."

१०. **मूल कार्यविधिको अनुसूची ३ मा संशोधनः** मूल कार्यविधिमा रहेको अनुसूची ३ को सट्टामा देहायको अनुसूची -३ राखिएको छः-

"अनुसूची ३

(दफा ९ को उपदफा ५ सँग सम्बन्धित)

पत्रकार लेखन वृत्ति (फेलोसिप) कार्यक्रम

**विषय प्रस्तावको संक्षिप्त रूपरेखा (तालिकात्मक ढाँचा)**

प्रेस रजिष्ट्रारको कार्यालय, गण्डकी प्रदेश

| | |
|---|---|
| १. प्रस्तावित विषय | लेखन सामग्री तयार गर्न चाहेको मुख्य विषय |
| २. अध्ययनका प्रमुख पक्षहरू | - बुझ्नुपर्ने मुख्य बुँदाहरू<br>- उपलब्ध तथ्य/प्रमाण<br>- सामाजिक महत्व/प्रभाव क्षेत्र<br>- गम्भीरता र औचित्य<br>- समेटिने क्षेत्र/पक्षहरू |
| ३. प्रमाणिकता र स्रोत | - लिखित दस्तावेज/प्रमाणहरू<br>- अवलोकन गर्ने दृश्य/अवस्था<br>- अन्तर्वार्ता गर्ने व्यक्तिहरू<br>- वेबसाइट/अनलाइन स्रोत |
| ४. कार्ययोजना | - स्टोरी तयार गर्न लाग्ने अनुमानित समय<br>- भ्रमण गर्ने स्थान, समय, कार्यतालिका<br>- प्रयोग हुने उपकरण तथा आवश्यक सहयोग |
| ५. अपेक्षित परिणाम | - सामग्रीले पार्ने सम्भावित प्रभाव<br>- समाज वा सम्बन्धित क्षेत्रमा हुने योगदान |
| प्रस्तावकको विवरण | नामः<br>कार्यरत संस्थाः<br>इमेलः<br>सम्पर्क नं.: |

"

आज्ञाले,

ऋषिराज आचार्य

प्रदेश सरकारको सचिव ।

मुद्रणः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु.१०।-